नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७७/७८
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १२३९

मिति : २०७७।०९।०१

**विषयः** सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।

श्री महानगरपालिका सबै,
श्री उपमहानगरपालिका सबै,
श्री नगरपालिका सबै,
श्री गाउँपालिका सबै ।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग महाशाखा नं ४ को प.सं. ०४ ०७७/७८ च.नं. ६४२१ तथा गृह मन्त्रालयको प.सं. ०७७/७८ च.नं. १४७ को पत्र कार्यान्वयन गर्ने सन्दर्भमा लेखिदै छ । सामाजिक सुरक्षा ऐन, २०७५ (प्रथम संशोधन २०७७ सहित) को दफा १५ मा व्यवस्था भए वमोजिम "कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति निर्वाचित वा मनोनीत भै वहाल रहेका व्यक्ति" "नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको सङ्गठित संस्थाबाट नियमित रुपले पारिश्रमिक, निवृतभरण, अवकाश सुविधा वा अन्य सुविधा पाइरहेका व्यक्ति" ले सामाजिक सुरक्षा भत्ता नपाउने प्रष्ट व्यवस्था हुँदा हुँदै पनि कतिपय स्थानीय तहहरुमा दोहोरो सुविधा लिएको भनी लेखि आएको हुँदा स्थानीय तहहरुले त्यस्तो प्रवृतीलाई पुर्ण रुपमा अन्त्य गरी भत्ता पाउने सम्पूर्ण लाभग्राहीहरुको विवरण रुजु गरी दोहोरो सुविधा लिएको भए कानूनी दायरामा ल्याई दोहोरो सुविधालाई निरुत्साहित गरी कानूनको पूर्ण रुपमा पालना गर्न गराउनु हुन आदेशानुसार अनुरोध छ ।

कुलशेखर अर्याल
शाखा अधिकृत

**बोधार्थः**
श्री गृह मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।